# तिलोत्तमा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही, ५ नं प्रदेश, नेपाल

**कार्यपालिका वैठक संख्या २०/०७६/०७७ (८५) मितिः २०७७।०२।०१ गते ।**

प्रस्तावहरु :

१. लकडाउनलाई थप व्यवस्थित गर्ने सम्बन्धमा ।

२. क्वारेन्टाइन व्यवस्थापन सम्बन्धमा ।

३. राहतलाई श्रमसँग जोड्ने सम्बन्धमा ।

४. कार्यालय संचालन सम्बन्धमा ।

५. विविध ।

क) तरकारीको बीउ बिजन सम्बन्धमा ।

निर्णयहरु :

निर्णय नं. - १

कोरोना महामारी जोखिमको रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि लकडाउनलाई थप व्यवस्थित गर्न देहायका कार्यहरु गर्ने निर्णयहरु गरियो ।

- यस नगरपालिकाबाट बाहिर आवत जावतका लागि सबैतिरका सहायक नाकाहरु पूर्ण रुपमा सिल गरी सिद्धार्थ राजमार्गको (बुटवल-बेलहिया व्यापारिक सडक) मात्र प्रयोग गर्ने/गराउने।
- तोकिएको समय बाहेक लकडाउन सम्बन्धी सूचनाको उलंघन गरी पसल तथा व्यवसाय संचालन गर्नेलाई नेपाल सरकारले तोकेको लकडाउन अवधिभर पसल, व्यवसाय खोल्न नपाउने गरी ताला लगाई सिल गर्ने ।
- लकडाउनको परिपालनालाई अवज्ञा गर्ने गरी यसलाई निष्प्रभावित पार्न दुस्प्रयास गर्ने र सामाजिक संजालको दुरुपयोग गरी समाजमा भ्रम सिर्जना गर्ने जो कोहीलाई कानुन अनुसार सजाय गर्ने ।
- नगरक्षेत्रभित्र संचालनमा रहेका सबै प्रकारका बैंक तथा वित्तिय संस्था (बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्था समेत) ले हप्तामा ३ (तीन) दिन आइतबार, मंगलबार र बिहिबार बिहान १०:०० देखि दिउसो १:०० बजे सम्म मात्र बैंकिङ्ग तथा वित्तिय सेवा प्रवाह गर्ने/गराउने ।

वासुदेव घिमिरे
नगर प्रमुख

माधव प्रसाद ...

* दुग्धजन्य पदार्थ विक्री वितरण गर्ने डेरी तथा दुग्ध उत्पादकहरुले बिहान ६:०० बजे देखि ८:०० बजे सम्म र अपरान्ह ४:०० देखि साँझ ६:०० बजे सम्म विक्री वितरण गर्ने ।

निर्णय नं.-२

* संभावित विषम् परिस्थितिको सामना गर्नका लागि नगरका सबै वडाहरुमा वडाध्यक्षहरुको संयोजकत्वमा आफ्नो वडाभित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुसँग समन्वय गरी क्वारेन्टाइन स्थापनाको पूर्व तयारी गर्न देहायका सदस्यहरु रहेको वडास्तरीय क्वारेन्टाइन व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो।

| | |
|---|---|
| संयोजक | सम्बन्धित वडाको वडाध्यक्ष एवं वडास्तरीय विषद् व्य.स. संयोजक |
| सदस्य | राजनैतिक दलका प्रतिनिधि |
| सदस्य | विद्यालय व्यवस्थापन समितिका अध्यक्ष |
| सदस्य | सम्बन्धित विद्यालयका प्र.अ. |
| सदस्य | नेपाल रेडक्रस सोसाइटीका प्रतिनिधि (वडामा उपलब्ध भएमा) |
| सदस्य | स्वास्थ्य शाखा संयोजक/स्वास्थ्य चौकी प्रमुख सदस्य |
| सदस्य सचिव | सम्बन्धित वडा सचिव |

निर्णय नं.-३

* नेपाल सरकारले घोषणा गरेको लकडाउन (बन्दाबन्दी) को कारणले खाद्य संकटमा परेका श्रमजिवी मजदुरहरुको उचित संबोधन गर्न श्रममा आधारित राहत वितरण प्रक्रियालाई विधिसम्मत तरिकाले कार्यान्वयन गर्ने । यसका लागि प्राविधिकले तयार गरेको लागत अनुमान एवम् सम्पादित कामको मूल्याङ्कनका आधारमा जिल्ला दररेट अनुसार ज्याला उपलब्ध गराउने । यस्तो कार्यका लागि नगरक्षेत्रको हरियाली प्रवर्धन, वातावरण संरक्षण, पूर्वाधार विकास, सरसफाई लगायत देहायका आयोजनाहरुमा श्रम परिचालन गर्ने ।

  क) नयाँ प्रशासनिक भवनको परिसरमा सौन्दर्यीकरण तथा पूर्वाधार विकास ।

  ख) वडा नं.-२ मा नवस्थापित आइसोलेसन सेन्टरको सौन्दर्यीकरण तथा पूर्वाधार विकास ।

  ग) सेमरा स्वास्थ्य चौकी सौन्दर्यीकरण तथा पूर्वाधार विकास ।

माधव प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख

घ) बुटवल-बेलहिया सडक खण्ड, बुद्ध परिपथ लगायतका महत्वपूर्ण सडकहरुमा आवश्यकता अनुसार वृक्षारोपण, रोपिएका विरुवाहरुको मलजल तथा संरक्षण गर्ने ।

ङ) आवश्यकता र औचित्यताका आधारमा नगरक्षेत्र भित्रका वडा कार्यालय, विद्यालय, विषयगत कार्यालय, सार्वजनिक स्थलहरुमा पार्क निर्माण सौन्दर्यिकरण तथा पूर्वाधार विकास ।

साथै, जेष्ठ नागरिक, नाबालक, गर्भवती तथा सुत्केरी, अशक्त फरक क्षमता भएकाहरुलाई नेपाल सरकारको परिपत्र अनुसारको व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं.- ४**

- नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा अत्यावश्यक सेवा प्रवाह न्यूनतम् कर्मचारीहबाट गर्ने । साथै, सबै कर्मचारीहरु प्रमुख प्रशासकीय अधिकृतको नियमित सम्पर्कमा रही तोकिएको समयमा कार्यालयमा उपस्थित हुने गरी तयारी अवस्थामा रहन निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.-५(क)**

नगरक्षेत्रभित्र तरकारी खेती उत्पादन गरी उपभोक्ताको मागलाई पूरा गर्न वडाबाट माग भए बमोजिम कृषकहरुलाई उत्प्रेरित गर्न सहुलियत दरमा विभिन्न तरकारीका बीउ उपलब्ध गराउन चालु आ.व. बजेट खर्च संकेत शीर्षक नं. १०१० (८) मा बचत रहेको रकमबाट सहुलियत दरमा तरकारी बीउ वितरण कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

माधव प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख